# आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम

# जोरायल गाउँपालिका

**जोरायल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**रावतकट्टे, डोटी**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

**सभाका सदस्य ज्यूहरु,**

यस गरिमामय सभामा जोरायल गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गर्वको अनुभूति भएको छ। यस अवसरमा लोकतन्त्र, राजनीतिक परिवर्तन र "सिंहदरबारको अधिकार गाउँमै" भन्ने अभियानका क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

स्थानीय सरकार जनताको घरदैलोको सरकारका रूपमा स्थापित हुँदै नागरिक केन्द्रित सेवा प्रवाहलाई प्राथमिकता दिँदै आएको छ। सोही अनुरूप सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने संकल्प तथा जनताप्रति गरेका प्रतिबद्धता पूरा गर्ने उद्देश्यका साथ यो नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ।

दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार विकास, स्थानीय स्रोतको परिचालन तथा समावेशी र जलवायु उत्थानशील आर्थिक विकासमार्फत समृद्ध गाउँपालिका र सुखी नागरिकको लक्ष्य हासिल गर्ने दिशामा यो नीति तथा कार्यक्रम केन्द्रित रहेको छ।

**विद्यमान परिवेशः**

हाल देशमा देखिएको आर्थिक शिथिलताले समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव पारेको छ, जसका कारण संघीय राजश्व संकलनमा कमी आई स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणमा समेत असर परेको छ।

यसैबीच, युवाहरूको वैदेशिक रोजगारीतर्फ बढ्दो आकर्षण र आन्तरिक तथा बाह्य बसाइँसराइका कारण गाउँघर सुनसान बन्दै गएका छन् र उब्जाउ जमिन बाँझो हुने क्रम बढ्दो छ। यस्तो अवस्थामा युवालाई देशभित्रै रोजगारीका अवसर सिर्जना गर्नु र गाउँ बसाइलाई आकर्षक बनाउनु हाम्रो साझा चुनौती बनेको छ।

यस परिस्थितिमा स्थानीय आर्थिक विकासलाई प्राथमिकता दिँदै उत्पादनमुखी कार्यक्रममार्फत अर्थतन्त्रलाई चलायमान बनाउनु आवश्यक भएको छ। साथै, सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासनको अनुभूति दिलाउन गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्दै विद्युतीय सुशासन प्रणालीको विस्तारमा विशेष जोड दिइनेछ।

**विद्यमान अवसरहरुः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरु रहेका छनः

- संविधानले स्थानीय तहलाई अधिकार सम्पन्न बनाउँदै एकल तथा साझा अधिकार स्पष्ट रूपमा प्रदान गरेको छ।
- आफ्नो अधिकार क्षेत्रभित्र ऐन तथा कानून तर्जुमा गर्ने अभ्यास विकास भएको छ।
- नीति, कार्यक्रम र बजेट सञ्चालन गर्ने अधिकार स्पष्ट रूपमा स्थापित भएको छ।
- गाउँपालिकाभित्र भौगोलिक तथा सांस्कृतिक विविधता विद्यमान रहेको छ।
- अधिकांश बस्ती तथा सबै वडा केन्द्रसम्म सडक पूर्वाधारको पहुँच विस्तार भएको छ।
- सडक सञ्जालको विस्तारसँगै स्थानीय कृषिजन्य उत्पादनलाई बजारसम्म पहुँच पुगेको छ।

**विद्यमान चुनौतीहरुः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरु रहेका छनः

- भिरालो, बाढी–पहिरो तथा डुबान जोखिमयुक्त क्षेत्रमा अव्यवस्थित भवन निर्माण रोक्दै सुरक्षित बस्ती विकासलाई प्राथमिकता दिने।
- वैज्ञानिक, जलवायु–उत्थानशील तथा व्यवहारिक भू–उपयोग योजना तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।
- योजना, डिजाइन र ड्रइङ बिना हुने पूर्वाधार निर्माणलाई पूर्ण रूपमा नियन्त्रण गरी प्राविधिक मापदण्ड अनिवार्य गर्ने।
- निर्माण भएका पूर्वाधारहरूको दिगोपन सुनिश्चित गर्न नियमित मर्मत–सम्भार प्रणाली स्थापना तथा सुदृढीकरण गर्ने।
- प्राकृतिक स्रोत तथा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को अनियन्त्रित दोहन नियन्त्रण गर्दै दिगो उपयोग नीति अवलम्बन गर्ने।
- रोजगारमूलक तथा सीपमा आधारित शिक्षाको विकास गर्दै व्यवहारिक दक्ष जनशक्ति उत्पादन गर्ने।
- युवालाई कृषि तथा उद्यमशीलतामा आकर्षित गर्न प्रोत्साहनमूलक कार्यक्रम तथा अनुदान प्रणाली विस्तार गर्ने।
- व्यावसायिक कृषकको संख्या वृद्धि गर्दै कृषि उत्पादनलाई व्यवसायिक र प्रतिस्पर्धी बनाउने।
- वैदेशिक रोजगारीबाट फर्किएका युवाको सीप र पुँजीलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्न सहजीकरण तथा लगानी प्रवर्द्धन गर्ने।

**नीति तथा कार्यक्रम तर्जुमाका आधारहरुः**

अब म जोरायल गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका आधारहरु प्रस्तुत गर्दछु ।

- नेपालको संविधानका प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू।
- नेपालको संविधानले व्यवस्था गरेका स्थानीय तहका आर्थिक कार्य प्रणाली तथा एकल एवं साझा अधिकारका सूचीहरू।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४।
- संघीय सरकारको आवधिक योजनाले निर्धारण गरेका नीति तथा प्राथमिकताहरू।
- संघ तथा प्रदेश सरकारका आर्थिक तथा वित्तीय नीतिहरू।
- जोरायल गाउँपालिकाको आवधिक योजनाले तय गरेका प्राथमिकताहरू।
- स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीका आधारहरू।
- विगत आर्थिक वर्षहरूमा गाउँपालिकाले तयार पारेका नीति, कार्यक्रम तथा योजनाहरू।
- दिगो विकास लक्ष्य, जलवायु परिवर्तन, विपद व्यवस्थापन, बालमैत्री स्थानीय शासन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक समानता, समावेशी विकास तथा ऊर्जा संकट जस्ता समसामयिक विषयहरू।
- गाउँ कार्यपालिका तथा गाउँसभाबाट भएका निर्णयहरू।

**आगामी आर्थिक वर्षको प्रमुख नीति तथा कार्यक्रमहरु**

**सभाका सदस्य ज्यूहरु,**

अब म जोरायल गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु।

# आर्थिक विकास

## कृषि तथा पशुपन्छी सेवाः

(१) अध्यक्ष विशेष कृषि तथा पशुपन्छी विकास कार्यक्रममार्फत कृषि उत्पादन वृद्धि, कृषकको जीवनस्तर सुधार तथा स्थानीय खाद्य एवं पोषण सुरक्षालाई सुदृढ गरिनेछ।

(२) जोरायलको पहिचानको रूपमा रहेको रैथाने 'जोरायल बासमती धानको संरक्षण, बीउ सम्बर्द्धन, प्रबर्द्धन तथा व्यावसायिक बजारिकरणका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(३) गाउँपालिकाभित्र व्यावसायिक रूपमा कृषि तथा पशुपालन क्षेत्रमा उत्कृष्ट कार्य गर्ने कृषकहरूलाई वर्गीकृत गरी 'उत्कृष्ट कृषक सम्मान तथा पुरस्कार' कार्यक्रम सञ्चालन गरिनेछ।

(४) कृषि तथा पशुपन्छी क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न आधुनिक प्रविधि, कृषि प्रसार सेवा, अनुसन्धान संस्थासँगको सहकार्य तथा प्रविधि हस्तान्तरण कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

(५) जलवायु–मैत्री, जैविक तथा एकीकृत कृषि प्रणालीको प्रवर्द्धन गर्दै दिगो कृषि तथा पशुपन्छी विकासलाई प्राथमिकता दिइनेछ।

(६) अगुवा कृषक, कृषि समूह तथा सहकारी संस्थामार्फत कृषि उत्पादनको बजारीकरण, कृषक प्रोत्साहन तथा उत्पादनमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ।

(७) स्थानीय रैथाने बीउको संरक्षण तथा संवर्द्धनका लागि जैविक सहकारी संस्था, कृषि समूह तथा सम्बन्धित निकायसँग समन्वय गरिनेछ। साथै मकैको बीउ उत्पादन वृद्धि तथा जोरायलको बासमती चामलको ग्रेडिङ्ग एवं धानको बीउ संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

(८) विपन्न, दलित, एकल महिला, मुक्त हलिया, द्वन्द्वपीडित, बादी समुदाय, अपाङ्गता भएका व्यक्ति तथा वैदेशिक रोजगारबाट फर्किएका युवालाई लक्षित गरी जग्गा लिज, तरकारी खेती, बाख्रापालन, कुखुरापालन लगायत कृषि तथा पशुपन्छीमा आधारित आयआर्जन तथा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ।

(९) बाँझो जमिनको उपयोग गर्दै करार खेती, मौसमी तथा बेमौसमी तरकारी खेती, बगर खेती तथा उत्पादनमुखी कृषि कार्यक्रम विस्तार गरिनेछ।

(१०) कृषि तथा पशुपन्छी सहकारी संस्थाको सुदृढीकरण, एकीकरण तथा क्षमता अभिवृद्धि तालिममार्फत समुदायको आयआर्जन वृद्धि गरिनेछ।

(११) कृषि तथा पशुपन्छी उत्पादनको बजारीकरणका लागि संकलन केन्द्र स्थापना, बजार व्यवस्थापन, डेरी तथा मासु पसल सुधार तथा "बजार ग्यारेन्टी कार्यक्रम" सञ्चालन गरिनेछ। कृषि उत्पादनको प्रभावकारी बजारीकरणका लागि आवश्यक पहल गरिनेछ।

(१२) विपन्न वर्गलाई लक्षित अनुदानमा बीउ वितरण, भकारो सुधार, साना सिंचाइ पोखरी निर्माण तथा उत्पादनमुखी कार्यक्रम सञ्चालन गरिनेछ।

(१३) बालीनाली तथा पशुपन्छीमा लाग्ने रोग नियन्त्रण तथा महामारीजन्य रोगबाट हुने आर्थिक क्षति न्यूनीकरणका लागि कृषि तथा पशु स्वास्थ्य शिविर, खोप कार्यक्रम, परजीवी नियन्त्रण, प्राविधिक परामर्श, जनचेतनामूलक कार्यक्रम तथा आकस्मिक पशु स्वास्थ्य सेवा प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। साथै कृषि एम्बुलेन्स सेवा सञ्चालनमा ल्याइनेछ।

(१४) व्यावसायिक बाख्रापालन, कुखुरापालन, भैंसीपालन तथा अन्य पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्दै आत्मनिर्भर, प्रतिस्पर्धी, आयात प्रतिस्थापन तथा निर्यातमुखी उत्पादन प्रणालीको विकास गरिनेछ।

(१५) घाँस उत्पादन, नर्सरी स्थापना, पशु आहार विकास, कृत्रिम गर्भाधान, नश्ल सुधार तथा गुणस्तरीय उत्पादन वृद्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ।

(१६) पशुपन्छी बिमा, किसान सूचीकरण, माटो परीक्षण, कृषि बाली पात्रो प्रकाशन तथा क्षमता अभिवृद्धि तालिममार्फत कृषि तथा पशुपन्छी सेवा प्रवाहलाई व्यवस्थित, प्रविधिमैत्री तथा प्रभावकारी बनाइनेछ।

(१७) विदेशमा रहेका युवालाई कृषि तथा पर्यटन क्षेत्रमा स्वरोजगार तथा उद्यमशीलतामार्फत रोजगारी सिर्जना गर्न तीनै तहका सरकार, सहकारी संस्था तथा दातृ निकायसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ।

(१८) अल्लो तथा सिस्नुजन्य उद्योग प्रवर्द्धन गर्दै प्रशोधन उद्योग स्थापना, सहकारी संस्थासँग समन्वय तथा स्थानीय उत्पादनमा आधारित रोजगारी सिर्जना गरिनेछ।

(१९) ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना (REED) द्वारा हस्तान्तरण गरिएको कृषि तथा पशुपन्छी सेवा केन्द्र, बुडरमा आवश्यक जनशक्ति व्यवस्थापन गरी प्रविधि प्रसार तथा कृषि एवं पशुपन्छी सेवा प्रवाहलाई थप प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

## कला, संस्कृति तथा पर्यटन विकासः

(२०) गाउँपालिकाको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, कृषि तथा पर्यटन सम्भावनालाई उजागर गर्दै आन्तरिक तथा बाह्य पर्यटक आकर्षण गर्न जोरायल महोत्सव, छहरा महोत्सव लगायत विविध सांस्कृतिक कार्यक्रम सञ्चालन गरिनेछ।

(२१) छतिवन ताल, छहरा झरना, लामी ताल, बाटुली ताल, रानी गुफा लगायत अन्य प्राकृतिक तथा पर्यटकीय स्थलहरूको संरक्षण, विकास, अभिलेखीकरण तथा व्यापक प्रचारप्रसार गरिनेछ।

(२२) कृष्ण पादुका लगायत पाण्डवकालीन, ऐतिहासिक, धार्मिक तथा पुरातात्त्विक महत्वका स्थलहरूको खोज, अनुसन्धान, संरक्षण, संवर्द्धन तथा पर्यटन प्रवर्द्धन गरिनेछ।

(२३) मारुनी नाँच, पैसेरी नाँच, पञ्चेबाजा, गमरा लगायतका मौलिक लोकसंस्कृति, कला, परम्परा, मठमन्दिर तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्दै पर्यटन विकाससँग जोडिनेछ।

(२४) किसान नेता शहीद भीमदत्त पन्तको स्मृति स्थलको संरक्षण तथा संवर्द्धन गरिनेछ। साथै उहाँको जीवन, योगदान र ऐतिहासिक पृष्ठभूमि समेटिएको स्मृति ग्रन्थ प्रकाशन गरिनेछ।

## उद्यमशिलता विकासः

(२५) गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम मार्फत उद्यमी छनौट, सीप विकास तालिम, स्तरोन्नति र व्यवसाय प्रवर्द्धनलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

(२६) स्थानीय आर्थिक विकास, रोजगारी सृजना र आत्मनिर्भरता हासिल गर्न युवाको सृजनात्मकता र उद्यमशीलता प्रवर्द्धन गर्दै युवा उद्यमी प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

### सहकारीः

(२७) सहकारी संस्थाहरूको सुदृढीकरण, क्षमता अभिवृद्धि र विकासका लागि नियमित अनुगमन, नियमन तथा निरीक्षण व्यवस्था मिलाइनेछ।

(२८) सञ्चालनमा रहेका सहकारीहरूलाई कोपोमिस (COPOMIS) वेब पोर्टलमा आबद्ध गर्दै सहकारी संघ–संस्थाहरूसँगको सहकार्य र एकीकरण प्रक्रियालाई प्रभावकारी बनाइनेछ।

## सामाजिक विकास

### स्वास्थ्य सेवाः

(२९) आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने नागरिकको मौलिक हक सुनिश्चित गर्दै नेपाल सरकारबाट उपलब्ध ९८ प्रकारका औषधि तथा आवश्यक सर्जिकल सामग्रीहरू सबै स्वास्थ्य संस्थामा नियमित रूपमा उपलब्ध गराइने व्यवस्था मिलाइनेछ।

(३०) सार्वजनिक, निजी तथा सामुदायिक स्वास्थ्य सेवा प्रदायक संस्थासँग समन्वय तथा सहकार्य गरी आमा तथा नवजात शिशुको स्वास्थ्य सुरक्षा, सुरक्षित मातृत्व सेवा, खोप सेवा तथा प्रजनन स्वास्थ्य सेवाहरूलाई थप सुदृढ बनाइनेछ।

(३१) गाउँपालिकाभित्र एम्बुलेन्स लगायतका आकस्मिक स्वास्थ्य सेवा २४ सै घण्टा सञ्चालन हुने व्यवस्था मिलाइनेछ। गर्भवती तथा सुत्केरी महिलाहरू र दुर्घटनामा परेका विपन्न नागरिकहरूलाई आकस्मिक उपचारका लागि अस्पतालसम्म पुऱ्याउनुपर्ने अवस्थामा निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ।

(३२) घुम्ती स्वास्थ्य सेवा, निःशुल्क स्वास्थ्य शिविर, योग तथा आयुर्वेद कार्यक्रम सञ्चालनमार्फत नागरिकहरूको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गरिनेछ।

(३३) विपन्न नागरिकहरूका लागि मुटुरोग, मृगौला रोग, क्यान्सर लगायत गम्भीर तथा दीर्घरोगहरूको उपचारमा आर्थिक सहायता उपलब्ध गराइनेछ तथा स्वास्थ्य बीमा कार्यक्रममा सहुलियत प्रदान गरिनेछ।

(३४) मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि विद्यार्थी, गर्भवती महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित मनोसामाजिक परामर्श सेवा सञ्चालन गरिनेछ।

(३५) स्वास्थ्य संस्थाहरूमा प्रयोगशाला सेवा, सुरक्षित गर्भपतन सेवा, अल्ट्रासाउण्ड सेवा विस्तार, आवश्यक स्वास्थ्य उपकरण व्यवस्थापन तथा ट्रमा युनिट स्थापना गर्दै स्वास्थ्य सेवा व्यवस्थापनलाई थप सुदृढ बनाइनेछ।

(३६) महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि थप प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ तथा उत्कृष्ट स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरूलाई सम्मान तथा प्रोत्साहन गरिनेछ।

(३७) किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सुदृढीकरण, पोषण कार्यक्रम विस्तार, स्तनपान प्रवर्द्धन तथा कुपोषण न्यूनीकरण गर्दै पोषणमैत्री स्वास्थ्य संस्था तथा वडा घोषणा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

(३८) नसर्ने रोग (उच्च रक्तचाप, मधुमेह आदि) तथा क्षयरोग नियन्त्रणका लागि स्क्रिनिङ, सचेतनामूलक तथा रोकथाम कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

(३९) स्वास्थ्य सेवा व्यवस्थापनलाई प्रविधिमैत्री तथा व्यवस्थित बनाउन eHMIS प्रणालीमार्फत अभिलेख, तथ्याङ्क तथा प्रतिवेदन व्यवस्थापन प्रणालीलाई क्रमशः विस्तार गरिनेछ।

(४०) १००० दिनका आमा, किशोरी तथा बालबालिकालाई लक्षित गर्दै पोषण विशेष तथा पोषण संवेदनशील कार्यक्रम सञ्चालन गरी पोषणमैत्री पालिका निर्माण अभियानलाई अघि बढाइनेछ ।

(४१) महिला, किशोरी तथा बालबालिकाको पोषण सुधार र सेवाको दीगोपना सुनिश्चित गर्दै पोषणमैत्री स्थानीय तह घोषणा प्रक्रियालाई अगाडि बढाइनेछ ।

(४२) गाउँपालिकामा स्थापना भएको आँखा उपचार केन्द्रलाई व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक व्यवस्थापन, जनशक्ति तथा सञ्चालन खर्चको प्रबन्ध मिलाइनेछ र नागरिकलाई स्थानीय स्तरमै नियमित आँखा स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ।

## शिक्षा तथा बालविकासः

(४३) शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षण–सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउँदै शिक्षक व्यवस्थापन अनुदान कार्यक्रमलाई आवश्यकता र औचित्यताका आधारमा निरन्तरता दिइनेछ।

(४४) शिक्षा ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन गर्दै स्थायी शिक्षकहरूको चक्रिय, पारदर्शी तथा पूर्वानुमानयोग्य सरुवा प्रणालीलाई व्यवस्थित गरिनेछ।

(४५) विद्यालयहरूको नियमित अनुगमन, निरीक्षण तथा शिक्षकहरूको पेशागत सहयोग, मार्गदर्शन र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

(४६) स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्दै अनुभवका आधारमा आवश्यक परिमार्जन तथा कार्यान्वयन मार्गदर्शन (Guideline) तयार गरिनेछ।

(४७) माध्यमिक विद्यालयहरूमा ICT, पुस्तकालय तथा विज्ञान प्रयोगशाला विस्तार गरी शिक्षण–सिकाइ प्रक्रियालाई प्रविधिमैत्री, व्यवहारिक तथा गुणस्तरीय बनाइनेछ।

(४८) कक्षा ८ को आधारभूत शिक्षा परीक्षा प्रणालीलाई थप व्यवस्थित, विश्वसनीय, मर्यादित तथा प्रभावकारी बनाइनेछ।

(४९) विद्यालय नक्साङ्कन, विद्यार्थी–शिक्षक अनुपात तथा आवश्यकताका आधारमा दरबन्दी मिलान, पुनर्वितरण तथा शैक्षिक व्यवस्थापनलाई व्यवस्थित गरिनेछ।

(५०) बालविकास केन्द्रहरूको समायोजन, पुनर्संरचना तथा बालमैत्री पूर्वाधार विकास, शैक्षिक सामग्री व्यवस्थापन, भित्ते लेखन तथा कक्षाकोठा सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

(५१) कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्राहरूका लागि स्यानिटरी प्याडको नियमित, सहज तथा सुरक्षित उपलब्धता सुनिश्चित गरिनेछ।

(५२) "एक वडा एक आवासीय विद्यालय" अवधारणालाई थप व्यवस्थित गर्दै आवासीय विद्यालयहरूको अनुगमन, मूल्याङ्कन तथा आवश्यक अनुदानमार्फत व्यवस्थापन सुदृढ गरिनेछ।

(५३) एकीकृत पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेशागत विकासमा विशेष जोड दिइनेछ।

(५४) उत्कृष्ट विद्यालय, शिक्षक तथा शैक्षिक उपलब्धि हासिल गर्ने विद्यार्थीहरूलाई सम्मान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

(५५) विद्यालयहरूमा शिक्षकहरूको उपस्थिति अभिलेखलाई व्यवस्थित, पारदर्शी र प्रविधिमैत्री बनाउन ई-हाजिरी प्रणाली जडान तथा प्रभावकारी कार्यान्वयनको शुरुवात गरिनेछ।

## युवा तथा खेलकुद विकासः

(५६) राष्ट्रपति रनिङशिल्ड, अध्यक्ष कप भलिबल लगायतका खेलकुद प्रतियोगितालाई निरन्तरता दिँदै स्थानीय स्तरमा खेलकुद संस्कृतिको विकास तथा प्रवर्द्धन गरिनेछ।

(५७) "Jorayal Idol" लगायत प्रतिभा पहिचान तथा विकास कार्यक्रममार्फत नृत्य, गायन तथा अन्य सिर्जनात्मक क्षमताको पहिचान र प्रवर्द्धन गरिनेछ।

(५८) बालबालिकाको शारीरिक, मानसिक तथा सामाजिक विकासका लागि बालक्लबहरूलाई आवश्यक खेलकुद सामग्री तथा क्षमता विकासका साधन उपलब्ध गराइनेछ।

(५९) "एक वडा एक खेल मैदान" नीतिलाई अवलम्बन गर्दै खेल पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ। साथै क्रिकेट, फुटबल, भलिबल लगायतका खेलकुद गतिविधिहरूलाई व्यवस्थित रूपमा सञ्चालन गरिनेछ।

(६०) युवा लक्षित प्रोत्साहन तथा क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिँदै युवाको नेतृत्व, उद्यमशीलता र सामाजिक सहभागिता प्रवर्द्धन गरिनेछ।

(६१) गाउँपालिकाभित्र मार्सल आर्ट्स खेलतर्फ युवा तथा बालबालिकाहरूको बढ्दो आकर्षणलाई मध्यनजर गर्दै दक्ष र व्यावसायिक खेलाडी उत्पादन गर्न तेक्वान्दो र उसु खेल प्रशिक्षकको आवश्यक व्यवस्थापन गरी प्रशिक्षण कार्यक्रमहरू संचालन गरिनेछ।

## खानेपानी, सरसफाई तथा स्वच्छता:

(६२) खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजना अनुसार प्राथमिकताका आधारमा सम्पूर्ण वडा तथा बस्ती समेट्ने गरी 'एक घर, एक धारा' नीतिलाई कार्यान्वयन गर्दै सुरक्षित खानेपानीयुक्त समुदाय विकास तथा घोषणा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

(६३) खानेपानीको शुद्धता, स्वच्छता तथा स्रोतको दिगोपना सुनिश्चित गर्न पानी परीक्षण कार्यलाई निरन्तरता दिइनेछ।

(६४) स्वास्थ्य संस्था, विद्यालय तथा अन्य सार्वजनिक निकायहरूमा सुरक्षित खानेपानी तथा सरसफाइको उचित व्यवस्था गरिनेछ।

(६५) खानेपानी योजना लागू भएका प्रत्येक घरधुरीमा च्याङ तथा जुठ्यान व्यवस्थापन र घरबारी सरसफाइ सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

(६६) फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउन उपयुक्त स्थानहरूमा डम्पिङ साइट निर्माणका लागि आवश्यक पहल गरिनेछ।

(६७) वडा केन्द्र, बजार क्षेत्र तथा अन्य सार्वजनिक स्थलहरूको नियमित सरसफाइ गर्ने नीति अवलम्बन गरिनेछ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण:

(६८) बाल संरक्षण मापदण्ड निर्माण गरी विद्यालय, सार्वजनिक तथा निजी संस्थाहरूमा लागू गरिनेछ तथा बाल अधिकार समिति सक्रिय बनाउँदै बालमैत्री स्थानीय शासन सुदृढ गरिनेछ।

(६९) बाल क्लब, बाल सञ्जाल तथा युवाहरूको क्षमता विकास, बालविवाह न्यूनीकरण अभियान तथा स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बाल क्लब प्रतिनिधिको अनिवार्य सहभागिता सुनिश्चित गरिनेछ।

(७०) लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) परीक्षण गरी प्रतिवेदन सार्वजनिक गरिनेछ र लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई निरन्तरता दिइनेछ।

(७१) महिला सशक्तिकरण र आत्मनिर्भरताका लागि 'महिलासँग उपाध्यक्ष' कार्यक्रम सञ्चालन गरिनेछ।

(७२) महिला, बालबालिका, किशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति तथा विपन्न समुदायलाई लक्षित गरी आयआर्जन, सीप विकास, सशक्तिकरण तथा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

(७३) जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, विपन्न तथा गरिबीको रेखामुनि रहेका समुदायका लागि आयआर्जन तथा जीवनयापन सहजीकरण कार्यक्रम सञ्चालन गरिनेछ। साथै एकल महिला तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि आयआर्जन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

(७४) अपाङ्गता भएका व्यक्तिहरूका लागि परिचयपत्र वितरण, आवश्यक सहायक सामग्री उपलब्ध गराउने तथा जीवनयापन सहजीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

(७५) अपाङ्गता भएका व्यक्तिहरूको पहिचान तथा तथ्याङ्क व्यवस्थापनका लागि डिजिटल एप्सलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ।

(७६) बालबालिकाको पोषण, शिक्षा र संरक्षणका लागि अभिभावक अभिमुखीकरण, शैक्षिक सामग्री वितरण तथा छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ, विशेषगरी टुहुरा, अति विपन्न तथा अभिभावकविहीन बालबालिकालाई लक्षित गरिनेछ।

(७७) लागू औषध नियन्त्रणका लागि सुरक्षा निकायसँग सहकार्य गर्दै समुदायस्तरीय सचेतना तथा रोकथाम कार्यक्रम सञ्चालन गरिनेछ।

(७८) महिला, बालबालिका तथा किशोरीमाथि हुने हिंसा, भेदभाव तथा कुरीति अन्त्यका लागि सामाजिक सचेतना, सशक्तिकरण तथा समुदायस्तरीय अभियान सञ्चालन गरिनेछ। साथै छाउपडी प्रथा अन्त्य अभियानलाई निरन्तरता दिइनेछ।

(७९) मानव अधिकार प्रवर्द्धन, यौनजन्य हिंसा, साइबर अपराध तथा दुर्व्यवहार विरुद्ध शिक्षक, प्रहरी तथा सरोकारवालासँग सहकार्यमा सचेतना तथा आत्मरक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

(८०) गैरकानुनी विवाह न्यूनीकरणका लागि विद्यालय तथा समुदायस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

(८१) स्थानीय कला, भाषा, संस्कृति तथा सम्पदाको संरक्षण र प्रवर्द्धन गरिनेछ तथा बालदिवस, महिला दिवस, ज्येष्ठ नागरिक दिवस लगायतका विभिन्न दिवसहरू मनाइनेछ।

(८२) गाउँपालिकाको सम्भावित एक वडालाई आगामी आर्थिक वर्षदेखि बालमैत्री वडा घोषणा अभियान सञ्चालन गरिनेछ तथा गाउँपालिकालाई बालमैत्री घोषणा गर्ने लक्ष्यसहित कार्यक्रम सञ्चालन गरिनेछ।

## रोजगार सेवाः

(८३) रोजगारी सिर्जना हुने साना विकास आयोजनाहरू उपभोक्ता समितिमार्फत कार्यान्वयन गरि विकास आयोजनामा स्थानीय रोजगारी सिर्जना गरिनेछ।

(८४) रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरूलाई विकास निर्माण कार्यमा प्राथमिकताका साथ रोजगारी प्रदान गर्दै स्थानीय श्रमको अधिकतम उपयोग गरिनेछ।

## व्यक्तिगत घटना तथा सामाजिक सुरक्षाः

(८५) सबै वडामा बायोमेट्रिक प्रमाणीकरण प्रणाली लागू गरी सामाजिक सुरक्षा भत्ता नवीकरण तथा सेवा प्रवाहलाई पारदर्शी, व्यवस्थित र दोहोरोपनरहित बनाइनेछ।

(८६) जन्म, मृत्यु, विवाह र बसाइसराइ जस्ता पञ्जिकरण सेवाहरूलाई डिजिटल अभिलेख र घुम्ती शिविरमार्फत थप सरल, छिटो र नागरिकमैत्री बनाइनेछ।

### भूमिहिन सुकुम्बासी पहिचान तथा व्यवस्थापनः

(८७) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीसम्बन्धी लगत संकलन भई प्रविष्टि तथा प्रमाणीकरण भइसकेका निवेदनहरूको जग्गा नापी लगायतका कार्यलाई व्यवस्थित रूपमा सम्पन्न गरिनेछ।

(८८) भूमि समस्या समाधानका लागि सम्बन्धित निकायसंग समन्वय गरी भूमिहीन तथा अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउने कार्यलाई तीव्रता दिइनेछ ।

## पूर्वाधार विकास

### सडक, पुल तथा यातायात पूर्वाधार निर्माणः

(८९) भौतिक संरचनाको निर्माण तथा मर्मतसम्भार, विपद् व्यवस्थापन तथा विकास योजनाहरूको प्रभावकारी कार्यान्वयन गर्दै सुरक्षित, दिगो र व्यवस्थित पूर्वाधार विकास सुनिश्चित गरिनेछ।

(९०) वडा केन्द्रदेखि टोल–बस्तीस्तरसम्म सडक सञ्जाल विस्तार कार्यलाई निरन्तरता दिइनेछ।

(९१) यातायात गुरुयोजना तयार गरी गाउँपालिकाको सडक सञ्जाललाई थप व्यवस्थित गर्दै सडक तथा पूर्वाधार निर्माणलाई गुणस्तरीय, दिगो तथा सुरक्षित बनाउन प्राविधिक मापदण्डको कडाइका साथ पालना गरिनेछ।

(९२) विपद् जोखिम न्यूनीकरणलाई ध्यानमा राखी भौगोलिक अवस्था अनुसार सुरक्षित तथा वातावरणमैत्री पूर्वाधार विकासमा जोड दिइनेछ।

(९३) आवश्यकता अनुसार नदी तथा खोलाहरूमा झोलुङ्गे तथा मोटरेबल पुलहरूको निर्माण, स्तरोन्नति तथा मर्मतसम्भारका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ।

### भवन निर्माणः

(९४) भवन निर्माण पूर्व अनिवार्य रूपमा गाउँपालिकाबाट घर नक्सापास गर्ने नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

(९५) भवन निर्माण कार्यलाई सुरक्षित, भूकम्प प्रतिरोधी तथा प्राविधिक मापदण्डअनुसार अनिवार्य रूपमा कार्यान्वयन गरिनेछ ।

### सिंचाईः

(९६) सिँचाइको अभावमा बाँझो रहेका खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गर्दै कृषि उत्पादन वृद्धि गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

(९७) निर्माणाधीन तथा अधुरा सिँचाइ नहरहरूको निर्माण कार्यलाई निरन्तरता दिँदै संघ, प्रदेश तथा सम्बन्धित दातृ निकायहरूसँग आवश्यक समन्वय गरिनेछ ।

(९८) स्थानीय जलस्रोतको संरक्षण र प्रभावकारी उपयोगमार्फत दिगो सिँचाइ प्रणाली विकासमा जोड दिइनेछ ।

### उर्जा:

(९९) "उज्यालो गाउँपालिका" निर्माण अभियानलाई निरन्तरता दिँदै विद्युत् पहुँच नपुगेका बस्तीहरूमा विद्युतीकरण विस्तार कार्यलाई प्राथमिकता दिइनेछ ।

(१००) पेट्रोलियम पदार्थ तथा दाउराको प्रयोगलाई न्यूनीकरण गरी वातावरणीय स्वच्छता कायम गर्न तथा ऊर्जामाथिको परनिर्भरता घटाउन विद्युतीय चुलो, सुधारिएको चुलो, बायोग्यास लगायतका वैकल्पिक ऊर्जा तथा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ।

## वन, वातावरण तथा विपद व्यवस्थापन

### वन तथा वातावरण:

(१०१) ढुंगा, गिट्टी, बालुवा लगायतका नदीजन्य तथा प्राकृतिक स्रोतहरूको अनधिकृत र अवैज्ञानिक दोहन नियन्त्रण गर्दै दिगो तथा मापदण्डअनुसार उपयोग सुनिश्चित गर्न आवश्यक नियमन र अनुगमन गरिनेछ।

(१०२) पर्यावरणीय सन्तुलन कायम गर्न सामुदायिक वन उपभोक्ता समिति तथा सम्बन्धित सरोकारवालासँगको सहकार्यमा उपयुक्त स्थानहरूमा वृक्षारोपण तथा हरियाली प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

(१०३) वन डढेलो नियन्त्रण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सामुदायिक वन उपभोक्ता समिति र दातृ निकायहरूको सहकार्यमा सञ्चालन गरिनेछ।

### जलाधार संरक्षण:

(१०४) गाउँपालिका भित्र रहेका पानीका मूल तथा जलाधार क्षेत्रहरूको पहिचान, संरक्षण र दिगो व्यवस्थापनलाई प्राथमिकताका साथ अघि बढाइनेछ।

### जलवायु परिवर्तन:

(१०५) स्थानीय स्तरमा रहेका पानीका मुहानहरूको संरक्षण, संवर्द्धन तथा पुनर्जीवन गर्दै जलवायु परिवर्तनका कारण उत्पन्न हुने जोखिम र प्रभाव न्यूनीकरणमा योगदान पुग्ने कार्यक्रमहरूलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

(१०६) वातावरणमैत्री, जलवायु उत्थानशील तथा दिगो पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिँदै विकास निर्माणलाई दीर्घकालीन रूपमा सुरक्षित र प्रभावकारी बनाइनेछ।

### फोहोरमैला व्यवस्थापन:

(१०७) फोहोरमैला व्यवस्थापनका लागि निश्चित स्थानको पहिचान गरी उपयुक्त विधि तथा प्रविधिको प्रयोगसम्बन्धी कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

(१०८) फोहोरको श्रोतमा नै वर्गीकरण गर्ने तथा उचित व्यवस्थापन गर्ने विषयमा नागरिक सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

(१०९) फोहोरमैला व्यवस्थापनलाई आयआर्जनसँग जोड्न अन्य स्थानीय तह, समुदाय, गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग सहकार्यमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ।

### प्रकोप नियन्त्रण तथा विपद व्यवस्थापन:

(११०) गाउँपालिकाभित्र रहेका विपद्का सम्भावित जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी विपद् न्यूनीकरण तथा व्यवस्थापनका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका आधारमा आवश्यक पूर्वतयारीका कार्यहरू गरिनेछन्।

(१११) गाउँपालिका तथा वडा स्तरीय विपद् व्यवस्थापन समितिहरूको सक्रिय परिचालन तथा प्रभावकारी कार्यसम्पादनका लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

(११२) विपद् व्यवस्थापनमा संलग्न निकायहरू, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी तथा अन्य गैरसरकारी संस्थाहरूसँग समन्वय र सहकार्य गरी विपद् पूर्वतयारी, प्रतिकार्य तथा उद्धार सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

## सुशासन तथा संस्थागत विकास

### मानव संशाधन विकास तथा संस्थागत क्षमता विकास:

(११३) आयोजनाहरूको दिगो विकास, प्रभावकारी व्यवस्थापन तथा गुणस्तरीय कार्यान्वयन सुनिश्चित गर्न गाउँपालिका तथा वडा स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिहरूलाई थप सशक्त, सक्रिय र उत्तरदायी बनाइ परिचालन गरिनेछ।

(११४) आर्थिक अनुशासन, पारदर्शिता र सुशासनको प्रत्याभूति सुनिश्चित गर्न गाउँपालिका अन्तर्गत सञ्चालन हुने सम्पूर्ण क्रियाकलापहरूको सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ कार्यक्रमहरूलाई नियमित, प्रभावकारी र परिणाममुखी रूपमा सञ्चालन गरिनेछ।

(११५) बेरुजु व्यवस्थापनलाई प्रभावकारी बनाउन बेरुजुको व्यवस्थित अभिलेखिकरण, विश्लेषण तथा सम्परीक्षण गरी आगामी आर्थिक वर्षमा लेखापरीक्षणमार्फत बेरुजु न्यूनिकरण गर्ने नीति अवलम्बन गरिनेछ।

(११६) आर्थिक वर्षको अन्त्यमा हतारमा नयाँ योजना सुरु गर्ने प्रवृत्ति रोकिनेछ। साथै योजना छनौट र कार्यान्वयनमा उपभोक्ताको उच्च लागत सहभागिता भएका योजनालाई प्राथमिकता दिइनेछ।

(११७) गाउँपालिकामा सञ्चालन भएका अधुरा तथा क्रमागत योजनाहरूलाई प्राथमिकताका साथ सम्पन्न गर्ने नीति लिइनेछ र योजना सार्ने प्रवृत्तिलाई पूर्ण रूपमा नियन्त्रण गरिनेछ।

(११८) नागरिकलाई सहज, सरल र प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्न एकीकृत घुम्ती शिविर कार्यक्रमलाई निरन्तरता दिइनेछ।

(११९) स्थानीय विकास र सुशासनलाई आधारभूत तहदेखि सुदृढ बनाउन टोल विकास संस्थाहरूको गठन, पुनर्गठन तथा सक्रिय परिचालन गरी समुदायको आवश्यकता पहिचान, योजना निर्माण, कार्यान्वयन र अनुगमन प्रक्रियामा समुदायको सहभागिता अभिवृद्धि गरिनेछ।

(१२०) लोकतन्त्रको लाभ जनतासम्म पुऱ्याउने उद्देश्यका साथ नीति, योजना निर्माण तथा विकास प्रक्रियामा नागरिक सहभागिता प्रवर्द्धन गर्न तर्जुमा गरिएको नागरिक सहभागिता नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

(१२१) स्थानीय बजार क्षेत्रमा हुने चोरी, ठगी, झैझगडा, ट्राफिक अव्यवस्था तथा अन्य अवैध गतिविधि नियन्त्रण गर्न प्रमुख बजार क्षेत्रमा सिसिटिभी जडान गरी सुरक्षा प्रणालीलाई सुदृढ बनाइनेछ।

## सूचना तथा संचार प्रविधि:

(१२२) स्मार्ट डिजिटल पालिका' निर्माणको कार्यलाई निरन्तरता दिँदै गाउँपालिका र मातहतका कार्यालयहरूमा उच्च गतिको इन्टरनेट विस्तार तथा सफ्टवेयरहरूको नियमित नवीकरण र सुदृढीकरण गरिनेछ।

(१२३) गाउँपालिकाका डिजिटल प्रणालीहरू (वेबसाइट, मोबाइल एप, स्मार्ट हेल्प डेस्क) को अनिवार्य प्रयोग सुनिश्चित गर्दै सेवा प्रवाहलाई प्रविधिमैत्री, पारदर्शी र व्यवस्थित बनाइनेछ।

(१२४) मोबाइल नेटवर्कको समस्या रहेका क्षेत्रहरूमा सम्बन्धित निकायसँग समन्वय गरी ४ जी (4G) सहितको दूरसञ्चार सेवा विस्तारका लागि आवश्यक पहल गरिनेछ।

(१२५) सूचना प्रविधिको बढ्दो प्रयोगसँगै सिर्जना हुने साइबर सुरक्षा जोखिम न्यूनीकरणका लागि आवश्यक जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

(१२६) जोरायल गाउँपालिकाले हालसम्म सम्पन्न गरेका उल्लेखनीय कार्यहरूको अडियो, भिडियो तथा प्रकाशन सामग्रीमार्फत नागरिकलाई जानकारी गराइनेछ।

## राजश्व:

(१२७) गाउँपालिका तथा सबै वडा कार्यालयहरूमा लागू गरिएको अनलाइन राजश्व प्रणालीलाई थप सुदृढ, सुरक्षित र प्रभावकारी बनाउँदै सेवा प्रवाहलाई पारदर्शी र नागरिकमैत्री बनाइनेछ।

(१२८) गाउँपालिकाको आन्तरिक राजश्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरूको पहिचान, अध्ययन तथा कार्यान्वयनमा जोड दिइनेछ।

## न्यायिक सम्पादन:

(१२९) विवाद समाधानलाई वडास्तरमै सहज, छिटो र प्रभावकारी बनाउन मेलमिलाप केन्द्रहरूको संस्थागत सुदृढीकरण तथा थप प्रभावकारी परिचालन गरिनेछ।

(१३०) मानव अधिकारको संरक्षण तथा महिला सशक्तिकरणका लागि स्थानीय स्तरमा नियमित कानुनी साक्षरता, सचेतनामूलक र क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ।

(१३१) न्यायिक समितिको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन आवश्यक कानुनी परामर्श उपलब्ध गराउन कानुनी सल्लाहकारको व्यवस्था निरन्तरता दिइनेछ।

## शासकीय प्रवन्ध:

(१३२) स्थानीय आवश्यकता र सङ्घ तथा प्रदेश कानुनसँगको अनुकूलताका आधारमा मौजुदा स्थानीय कानुनहरूको परिमार्जन, एकीकरण तथा आवश्यक नयाँ कानुनहरूको तर्जुमा गरी गाउँपालिकाको कानुनी संरचनालाई समयसापेक्ष र प्रभावकारी बनाइनेछ।

(१३३) आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै वित्तीय अनुशासन, पारदर्शिता, जवाफदेहिता तथा सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गरिनेछ।

(१३४) कर्मचारी तथा जनप्रतिनिधिहरूको कार्यदक्षता, जवाफदेहिता तथा सेवा गुणस्तर अभिवृद्धिका लागि क्षमता विकास योजना, नियमित तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

(१३५) स्थानीय तहको संस्थागत क्षमता, जनशक्ति व्यवस्थापन तथा कार्यक्षमता सुधारका लागि संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण गरिनेछ।

(१३६) गाउँपालिका तथा मातहतका कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको हाजिरी, बिदा तथा अन्य प्रशासनिक विवरणहरूको व्यवस्थित अभिलेख सुनिश्चित गर्न कार्यान्वयनमा रहेको केन्द्रिकृत ई-हाजिरी प्रणालीलाई थप परिष्कृत, प्रभावकारी र विश्वसनीय बनाइनेछ।

(१३७) सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी तथा नतिजामुखी बनाउन कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

(१३८) नेपाल सरकारको "शून्य बाँकी फाइल अभियान" लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै सबै प्रशासनिक फाइलहरूको अभिलेखीकरण, अद्यावधिक तथा समयमै फछ्र्यौट सुनिश्चित गरिनेछ।

(१३९) डिजिटल सुशासन प्रवर्द्धन गर्दै सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन सबै प्रशासनिक प्रक्रियामा सूचना प्रविधिको विस्तार गरिनेछ तथा सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धात्मक, पारदर्शी बनाउन ई–टेन्डर प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

(१४०) नेपाल सरकारका शासकीय सुधारका कार्यसूचीहरूलाई स्थानीय तहमा प्रभावकारी रूपमा कार्यान्वयन गर्दै सेवा प्रवाहमा सुधार, भ्रष्टाचार नियन्त्रण, जवाफदेहिता वृद्धि तथा प्रशासनिक दक्षता अभिवृद्धि गरिनेछ।

(१४१) नागरिक सेवाग्राहीमैत्री प्रशासन निर्माण गर्न सेवा प्रवाहलाई छिटो, सरल र पारदर्शी बनाउँदै गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी गरिनेछ।

(१४२) महालेखा परीक्षकको कार्यालय तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका संवैधानिक निकायहरूबाट प्राप्त सुझाव, निर्देशन र प्रतिवेदनहरूलाई समयमै कार्यान्वयन गरिनेछ। यसबाट गाउँपालिकाको संस्थागत सुधार, वित्तीय अनुशासन र सुशासन प्रवर्द्धन सुनिश्चित गरिनेछ।

**सभाका सदस्य ज्यूहरु,**

**अन्तमा,**

प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्न मार्गदर्शन गर्नुहुने उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, वडा सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, बुद्धिजीवीहरू, विभिन्न संघसंस्थाहरू, सामाजिक संगठनहरू, नागरिक समाज तथा सामुदायिक संस्थाहरू, साथै देश तथा विदेशमा रहनुभएका जोरायल गाउँपालिकाका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

यस गाउँपालिकाको समग्र विकासमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुर्‍याउनुहुने सम्पूर्ण आम नागरिक, विकास साझेदार तथा अन्य सरकारी एवं गैरसरकारी संघसंस्थाहरू प्रति समेत हार्दिक आभार प्रकट गर्दछु।

धन्यवाद !

दुर्गा दत्त ओझा
अध्यक्ष
जोरायल गाउँपालिका, डोटी

गाउँसभा अधिवेशनबाट स्वीकृत भएको मिति २०८३/०२/०७